नेपाल सरकार,
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
तनहुँ

फोन ०६५-५६०१३३, ५६०१०९, ५६२६१३
फ्याक्स-:०६५-५६०१०७

पत्र संख्या-:०७७७८/
चलानी नम्बर

मिति-:२०७७।०६।३०

## चाडपर्वमा सावधानी अपनाउने सम्बन्धी सूचना।

नजिकिदै गरेको नेपालीहरुको महान चाड बडा दशैं, तिहार, छठ लगायतका चाडपर्वहरु मनाउने सन्दर्भमा विश्वव्यापी फैलिएको कोभिड-१९ कोरोना भाईरसको संक्रमणको जोखिम तनहुँ जिल्लामा पनि बढीरहेको अवस्था छ। जोखिम कम गर्दै जोखिमबाट बच्दै चाडपर्व मनाउनुका साथै आफ्ना दैनिक आर्थिक क्रियाकलाप पनि सुचारु रुपमा सञ्चालन गर्नु पर्ने अवस्था आइरहेको छ। कोरोना संक्रमणालाई थप फैलिन नदिई सावधानी अपनाउन र सचेत रहनका लागि जिल्ला संकट व्यवस्थापन केन्द्र, तनहुँको निर्णय समेतका आधारमा देहाय अनुसार गर्नु गराउनु हुन सबैमा सूचित गरिन्छ।

१. चाडपर्व मनाउँदा सकभर जो जाँहा रहेका छौ, सोहि ठाउँमा रहि अनावश्यक जमघट र यात्रा नगरी आफ्नै परिवारका सदस्यहरुबीच घर घरमै मात्रै मनाउँ।
२. जिल्ला भित्र कुनै प्रकारका मेला, जात्रा, महोत्सव तथा अनावश्यक भीडभाड हुने जमघट, चियापान र शुभकामना आदन प्रदान कार्यक्रम नगर्ने।
३. जुवातास खेल्ने लगायत कानूनले निषेधित गरेका कार्यहरु नगर्ने नगराउने।
४. सवारी साधनहरुमा नेपाल सरकारले तोकेको मापदण्ड भन्दा बढी यात्रु नराख्न र सबै किसिमका स्वास्थ्य सुरक्षा मापदण्ड अनिवार्य रुपमा पालना गर्ने, गराउने।
५. बजारमा भिडभाड नगर्ने, सामाजिक भौतिक दुरी कायम गर्ने, अनिवार्य रुपमा माक्स लगाउने, नियमित रुपमा साबुन पानीले पटक पटक हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने जस्ता न्यूनतम स्वास्थ्य र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गर्ने, गराउने।
६. उद्योग, व्यापार लगायतका व्यवसाय गर्दा नेपाल सरकारले तोकेका न्यूनतम स्वास्थ्य र सुरक्षाका मापदण्डको अनिवार्य रुपमा पालना गर्ने, गराउने।
७. पूजापाठलाई घर घरमै सिमित गर्ने गराउने। मन्दिर र तीर्थस्थलहरुमा पुजारीबाट मात्र नित्य पूजापाठ गराउने बाहेक मठ मन्दिरहरु खुला नगर्ने, नगराउने।
८. विदाको समय भनि समूहमा घुमफिर नगर्ने, नगराउने।
९. खेलकुद र सांस्कृतिक कार्यक्रमहरु नगर्ने, नगराउने।
१०. देउसी भैलो नखेल्ने, नखेलाउने।

२०७७।०६।३०

(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी